# स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र


खण्डः ४ संख्याः २१ मितिः २०७७/०३/१७


## भाग-२

### स्वामीकार्तिक खापर गाउँपालिका

### स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७७

स्वामीकार्तिक खापर गाउँपालिका

# *स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि २०७७*

**प्रस्तावनाः-**

बालबालिका, युवा वयस्क तथा प्रौढहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास तथा व्यवस्थापनका लागी खेलकुद अपरिहार्य रहेको र स्थानीय तहदेखी नै योजनाबद्ध रूपमा खेलाडिहरूकाको उत्पादन, विकास तथा व्यवस्थापनका लागी खेलकूद पूर्वाधारहरूको निर्माण गर्न आवश्यक देखिकाले प्रत्येक स्थानीय तहमा दीर्धकालीन महत्वका एक/एक वटा खेलकूद पूर्वाधार निर्माण गर्न यस गाउँपालिकाले "स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि २०७७" बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१). **संक्षप्ति नाम र प्रारम्भः-** (१). यो कार्यविधिको नाम "स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि २०७७" रहेको छ ।

(२). यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

२). **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क). "खेलकुद पूर्वाधार " भन्नाले स्थानीय तहमा खेलग्रामका रूपमा विकास गर्न आवश्यक खेल विधा अनुसारका खेल मैदान ( फुटबल मैदान, क्रिकेट मैदान, भलिवल मैदान आदि ), कर्भडहल, ट्र्याक एन्ट फिल्ड, वाकिङ रूट/पुट ट्रेल, स्वीमिङ पुल, विचरण पार्क लगायतका खेलकुद पूर्वाधारलाई सम्झनुपर्दछ ।

(ख). " परिषद् " भन्नाले राष्ट्रिय खेलकुद परिषदलाई सम्झनुपर्दछ ।

(ग). "प्रदेश खेलकुद निकाय " भन्नाले राष्ट्रिय खेलकुद परिषद अन्तर्गत सम्बन्धित प्रदेशको खेलकुद सम्बन्धि काम गर्ने कार्यालय सम्झनुपर्दछ ।

(घ). " मन्त्रालय " भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ङ). "समितिको कार्यालय " भन्नाले जिल्ला खेलकुद विकास समितिको कार्यालय सम्झनुपर्दछ ।

(च). "स्थानीय तह " भन्नाले गाउँपालिकालाई सम्झनुपर्दछ ।

## परिच्छेद — २

## स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण गर्न स्थल छनौट सम्बन्धी व्यवस्था

३). **खेलकुद पूर्वाधार स्थल छनौटः-** (१). खेलकुद पूर्वाधार निर्माण सम्बन्धी सार्वजनिक स्थलको छनौट सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्य र संघीय सांसदहरू समेतको परामर्शमा स्थानीय तह स्वयंमले गर्नुपर्नेछ ।

(२). उपदफा (१) बमोजिम खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा देहायका आधारहरूलाई प्राथमिकता दिनुपर्नेछ ।

(क). खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा सम्भव भएसम्म सबै वडालाई पायक पर्ने र यातायात सुविधा भएको स्थललाई प्राथमिकता दिनुपर्नेछ ।

(ख). खेलकुद पूर्वाधार स्थल छनौट गर्दा वातावरणीय रूपले अनुकुल र प्राकृतिक विपद्को जोखिममुक्त स्थललाई प्राथमिकता दिनुपर्नेछ ।

(ग). खेलकुद पूर्वाधार स्थल छनौट गर्दा खेलाडि , प्रशिक्षक तथा खेलकुद सम्बद्ध जनशक्तिको लागि आकस्मिक रूपमा हुने दुर्घटना र स्वास्थ्य समस्याको उपचार लगायतका सुविधालाई समेत ध्यान दिनुपर्नेछ ।

(घ). खेलकुद पूर्वाधार स्थल स्थानीय तहको खेलकुद प्रतियोगिता र सम्भव भएसम्म जिल्ला स्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्न समेत मिल्ने हुनुपर्नेछ ।

(ङ). खेलकुद पूर्वाधारको निर्माणका लागी उपत्यका, पहाड र हिमाली क्षेत्रमा सम्भव भए सम्म कम्तीमा २५ रोपनी र तराई क्षेत्रमा २ विगाहा जग्गा भएको हुनु पर्नेछ ।

(च). शैक्षिक संस्थाले हाल उपयोग गरिरहेका खेलकुद पूर्वाधारलाई कायमै राखी स्थानीय खेलकुद पूर्वाधारको रूपमा विकास नगरी सबैलाई हुने छुट्टै स्थलमा स्थानीय खेलकुद पूर्वाधारको विकास गर्नुपर्नेछ ।

(छ). खेलकुद ग्रामको रूपमा विकास गर्न खेल विधा अनुसारको संरचना क्रमिक रूपमा निर्माण हुँदा आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न मिल्ने स्थान हुनुपर्नेछ ।

## परिच्छेद — ३

## अनुदान सम्बन्धी व्यवस्था

४). **खेलकुद पूर्वाधार स्थलको निर्माणको लागी अनुदान रकम उपलव्ध गराउने सम्बन्धी व्यवस्थाः-**

(१). स्थानीय तहले खेलकुद पूर्वाधार स्थलको निर्माणका लागी नेपाल सरकारबाट तोकिएको रकम सशर्त अनुदानका रूपमा दुई वर्षमा प्राप्त गर्न सक्नेछ तर अनुदान रकम जग्गा खरिद गर्ने प्रयोजनका लागि खर्च गर्न सक्ने छैन ।

(२). निर्माण हुने खेलकुद पूर्वाधारको रकम लागत अनुमान अनुसार हुनेछ ।

(३). खेलकुद पूर्वाधार निर्माण गर्न प्रत्येक स्थानीय तहका लागि तोकिएका निश्चित रकमको संघबाट ७० प्रतिशत रकम उपलव्ध गराइनेछ र बाँकी ३० प्रतिशत रकम सम्बन्धित स्थानीय तहबाट व्यहोर्नु पर्नेछ ।

(४). खेलकुदका राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुरूपका भौतिक संरचना निर्माण गराउन देशभरका संरचनाहरूको सकभर एकरूपता कायम गराउन मन्त्रालयले नमुना डिजाईजनहरू उपलव्ध गराउन सक्नेछ ।

५). **खेलकुद पूर्वाधार निर्माण गर्नका लागी अनुदान प्राप्त गर्न निवेदन दिनुपर्नेः-** (१). स्थानीय तहले खेलकुद पूर्वाधार निर्माणको लागी रकम प्राप्त गर्न जिल्ला खेलकुद विकास समितिको कार्याल मार्फत मन्त्रालयमा अनुसूची — १ बमोजिमको आवेदन फाराम भरी पठाउनुपर्नेछ ।

(२). आवेदन फारामका साथ खेलकुद पूर्वाधार निर्माणका लागी स्थान किटान गरी सो सम्बन्धी गुरूयोजनाको ड्रइङ डिजाइन लागत इष्टमेट संलग्न हुनुपर्नेछ ।

(३). प्रस्तावित योजना स्वीकृत गर्ने वा नगर्ने वा संशोधन सहित स्वीकृत गर्ने क्षेत्राधिकार मन्त्रालयलाई हुनेछ ।

६). **खेलकुद पूर्वाधार निर्माणको रकम स्थानीय तहलाई उपलव्ध गराउनुपर्नेः-** (१). नेपाल सरकारले स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण गर्न रकम विनियोजन गर्नेछ । यसरी विनियोजन भएको रकममध्येबाट प्राप्त आवेदनका आधारमा सम्बन्धित स्थानीय तहलाई लागत अनुमान अनुसार स्वीकृत प्रस्तावित योजनाको रकम उपलव्ध गराउनुपर्नेछ ।

(२). सम्बन्धित स्थानीय तहको आवश्यकता, औचित्यता र संभावनालाई हेरेर प्रस्तावित योजनाको सम्झौता गर्ने नगर्ने अधिकार मनत्रालयलाई हुनेछ ।

(३). स्थानीय तहलाई सम्झौता बमोजिमको रकम उपलव्ध गराउँदा दुई किस्तामा रकम उपलव्ध गराईनेछ ।

## परिच्छेद — ४

## अनगुमन

७). खेलकुद पूर्वाधार निर्माण कार्यको अनुगमन मन्त्रालय, परिषद्, प्रादेशिक निकास, समितिको कार्यालय र स्थानीय तहबाट हुनेछ ।

८). अनुगमन गर्ने निकाय अनुगमनको प्रतिवेदन मन्त्रालय, प्रदेश र स्थानीय तहलाई बुझाउनु पर्नेछ ।

९). अनुगमन प्रतिवेदनमा तोकिए बमोजिमको कार्य नभएको भन्ने देखिएमा स्थानीय तहले प्राविधिकहरूको सहयोगमा अवस्था यकिन गर्न लगाउन सक्नेछ ।

१०). दफा ९ बमोजिम अध्ययन गराउँदा समेत तोकिए बमोजिमको कार्य नभएको देखिएमा स्थानीय तहले अनुदान वापतको रकम रोक्का राख्न सक्नेछ ।

## प्ररिच्छेद — ५

## लेखा परीक्षण गराउनुपर्ने

११). **अनुदान रकमको लेखापरीक्षणः-** (१). स्थानीय तहले यस कार्यविधि बमोजिम प्राप्त खेलकुद पूर्वाधार निर्माण अनुदान रकमको लेखापरीक्षण प्रचलित कानुन बमोजिम गराउनुपर्नेछ ।

(२). खेलकुद पूर्वाधार निर्माण कार्यको लेखापरीक्षण प्रतिवेदन स्थानीय तहले मन्त्रालय, प्रदेश र परिषदमा पलठाउनु पर्नेछ ।

## परिच्छेद — ६

## विविध

१२). **समिति गठन गर्न सक्नेः-** (१). स्थानीय तहले यस कार्यविधि बमोजिम खेलकुद पूर्वाधार निर्माण कार्य गर्न एक उपसमिति गठन गर्न सक्नेछ ।

१३). **कार्यविधि कायम रहने अवधिः** (१). यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिले खेलकुद पूर्वाधार निर्माण कार्य सम्पन्न भई सन्चालन रहे सम्म कायम रहनेछ ।

(२). स्थानीय तहमा निर्मित खेलकुद पूर्वाधारको संरक्षण, मर्मत, संभार र प्रवर्द्धन सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहले नै गर्नुपर्नेछ ।

१४). **<u>प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्नेः-</u>** यस कार्यविधि बमोजिम स्थानीय तहले प्राप्त गर्ने अनुदानको रकम प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्नेछ ।

१५). **<u>अनुदानको रकम सदुपयोग गर्नुपर्नेः-</u>** स्थानीय तहले प्राप्त अनुदानको रकम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनका लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र खर्च उपयोग गर्नुपर्नेछ ।

१६). **<u>कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेः</u>-** स्थानीय तहले खेलकुद पूर्वाधार निर्माण सम्पन्न भएपछि सोको बार्षिक प्रतिवेदन मन्त्रालय र परिषद्को कार्यालयमा दिनुपर्नेछ ।

१७). **<u>कार्यविधि संशोधनः-</u>** यस कार्यविधिमा भएका व्यवस्थाहरू संशोधन गर्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**अनुसूची — १**

**( स्थानीय तहले दिने आवेदनको ढाँचा )**

मितिः ...........

**बिषयः- खेल पूर्वाधार आयोजना सम्बन्धमा ।**

**श्री यूवा तथा खेलकुद मन्त्रालय**
**सिंहदरबार, काठमाडौं**
**मार्फत**
**श्री जिल्ला खेलकुद विकास समितिको कार्यालय, बाजुरा**

**महोदय,**

प्रस्तुत विषयमा यस गाउँपालिकामा खेल पूर्वाधार विकासका लागी खेल पूर्वाधार विकास आयोजना आवश्यक परेकाले तपसिल बमोजिमको विवरण सहित यो आवेदन पेश गरिएको छः-

१). खेल पूर्वाधार निर्माण स्थलः-
जिल्लाः- गाउँपालिकाः-
वडा नः- स्थानीय प्रचलित नामः-

२). प्रस्तावित खेल पूर्वाधार निर्माण गरिने जग्गाकोः-
(क). क्षेत्रफलः- (ख). स्वामित्वः-

३). प्रस्तावित खेल आयोजनाहरूको विवरणः-
(क).
(ख).
(ग).

४). प्रस्तावित आयोजनाको लागत अनुमान रकम रू.

५). खेल पूर्वाधार आयोजनाको कम्तिमा ३० प्रतिशत रकम स्थानीय तहले व्यहोर्ने निर्णय मितिः

प्रमुख प्रशासकीय अधिकृतको नामः
हस्ताक्षरः
मितिः

अध्यक्षको नामः
हस्ताक्षरः
मितिः

कार्यालयको छाप

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू

- खेल पूर्वाधार निर्माणका लागी गाउँ कार्यपालिकाको निर्णय प्रमाणित प्रतिलिपि
- खेल आयोजनाको Drawing design र संक्षिप्त लागत स्टमेट
- खेल पूर्वाधार योजनाको कम्तीमा ३० प्रतिशत रकम स्थानीय तहले व्यहोर्ने प्रतिबद्धता पत्र
- खेल पूर्वाधार निर्माण स्थलको जग्गा धनीपुर्जाको प्रतिलिपि
- निजि वा कुनै संस्थाको जग्गा भए कम्तिमा २० वर्ष गरि गरिएको सम्झौताको प्रमाणित प्रतिलिप

**आज्ञाले**
**अमर बहादुर रोकाया**
**नि.प्रमुख प्रशासकीय अधिकृत**